# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं माघ १८ गते २०२१ साल [अतिरिक्ताङ्क २८ (घ)

श्री ५ को सरकार

### अर्थ मन्त्रालय

श्री ५ को सरकारले जारी गरेको निम्नलिखित आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

सामयिक कर असूल ऐन २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

२०२१ सालको मुख्य वार्षिक उब्जनीदेखि झापा जिल्लाको बुधबारे गाउँ पञ्चायत क्षेत्रभित्रको जग्गाका प्रत्येक जग्गावाला र मोहीबाट देहायका दरले कृषि तथा पञ्चायत विकास कर लगाई असूल उपर गरिनेछः–

(क) आफ्नो जग्गा आफैं कमाउने जग्गावालाबाट त्यस्तो जग्गामा हुने मुख्य वार्षिक उब्जनीको १० प्रतिशतको दरले ,

(ख) आफ्नो जग्गा अरूलाई कमाउन दिने जग्गावालाले मुख्य वार्षिक उब्जनीको ५० प्रतिशतका दरले कुत लिने गरिआएको जग्गाको सम्बन्धमा मुख्य वार्षिक उब्जनीको १५ प्रतिशतका दरले र मुख्य वार्षिक उब्जनीको ५० प्रतिशतभन्दा घटी दरले कुत लिने गरिआएको जग्गाको सम्बन्धमा मुख्य वार्षिक उब्जनीको ५ प्रतिशतका दरले ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अरूको जग्गा कमाउने मोहीले मुख्य वार्षिक उब्जनीको ५० प्रतिशतका दरले कूत तिने गरिआएको जग्गाको सम्बन्धमा मुख्य वार्षिक उब्जनीको ५ प्रतिशतका दरले र मुख्य वार्षिक उब्जनीको ५० प्रतिशतभन्दा घटी दरले कुत तिने गरिआएको जग्गाको सम्बन्धमा मुख्य वार्षिक उब्जनीको १० प्रतिशतका दरले ।

उक्त कर जिन्सीमा वा त्यसको स्थानीय दरले नगदीमा असूल उपर गरिने छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१८